# जलवायु न्याय

Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र



जलवायु परिवर्तनले विभिन्न सामाजिक समूहहरूमा निम्त्याउने चुनौतीहरू, तिनीहरूको प्रभाव र जलवायु परिवर्तनका असरहरूबाट जोगिन आवश्यक पर्ने कार्यहरूबारे बुझ्न सहयोग पुर्याउने ढाँचा जलवायु न्याय हो । यसले जलवायु अनुकूलन र न्यूनीकरण रणनीतिहरूमा न्यायलाई मुख्य तत्वको रूपमा समाहित गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

## किन जलवायु न्याय ?

- बढ्दो तापक्रम र बदलिँदो वर्षाक्रम जस्ता अप्रत्याशित तथा अनियन्त्रित चुनौतीहरूको सामना
- जलवायु परिवर्तनको कारण हुने गरेको मानवीय, प्राकृतिक तथा पूर्वाधारमा क्षती
- केही समूहहरू अन्यको तुलनामा बढी जोखिममा हुने र जलवायुजन्य विपदको सामना गर्न सक्ने क्षमता कम रहने

## नेपालको लागि जलवायु न्याय किन महत्त्वपूर्ण छ ?

- जलवायु परिवर्तनलाई वैज्ञानिक बहसबाट भन्दा व्यक्तिगत अनुभव र ठोस क्षतिको आधारमा अनुभूति गरिन्छ।
- जलवायु परिवर्तनले नेपाली समाज भित्र पहिलेदेखि नै रहेको संवेदनशीलतालाई (लिङ्ग, जाति, वर्ग र आर्थिक स्थितिका आधारमा) थप शोषण गर्ने र असमानताको स्थरलाई अझ गहिरो बनाउँछ ।
- आवश्यकताबाट जन्मिएका छिटो र छरितो अनुकूलनका उपायहरूले दीर्घकालीन सामाजिक र पारिस्थितिक घाटा निम्त्याउन सक्छ ।
- राष्ट्रिय जलवायु नीतिहरू र स्थानीय वास्तविकताहरू बीच अन्तर देखिन्छ ।
- राजनीतिक अस्थिरता, प्रशासनिक ढिलासुस्ती र सामाजिक भेदभाव जस्ता तत्वहरूले जलवायु/अनुकुलन कार्य खण्डित हुने र न्याय प्राप्तिमा असहज वातावरण सिर्जना गर्छ ।
- तसर्थ, वातावरणीय संकटका जोखिमहरू जलवायु अन्यायमा रूपान्तरण हुन्छन् ।
- जलवायु न्यायले सबैभन्दा बढी प्रभावित समूहहरूमा जलवायु संकटको प्रभावलाई कम गर्न तथा परिवर्तनशील जलवायुसँग राम्रोसँग समायोजन गर्न मद्दत गर्न सक्छ ।